आज मिति २०८२ साल मंसिर १४ गते आइतबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को ११ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**<u>उपस्थिति</u>** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री राम बहादुर मेहता - का.वा. वडा अध्यक्ष, वडा नं.३

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री महेश कुमार ठाकुर - सचिव -

**<u>आमन्त्रित</u>** :

श्री डण्डिकेशर खनाल - शिक्षा अधिकृत -

श्री बिन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. विशेष (आकस्मिक) गाउँसभा सम्बन्धमा ।
३. विपदको राहत सम्बन्धमा ।
४. कर्मचारीको सरुवा सहमति सम्बन्धमा ।
५. कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।
६. खाद्यमल डिलरशिप रद्दको लागि सिफारिस सम्बन्धमा ।
७. सशस्त्र प्रहरी बल, बि.ओ.पि. साहेवगञ्जमा रङ्गरोगन सम्बन्धमा ।
८. जिन्सी र विपद् शाखाको जिम्मेवारी सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०७/१९ गते भएको १० औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको मिति २०८२/०७/१९ गते भएको १० औं कार्यपालिका बैठकको निर्णयानुसार यस देवानगञ्ज गाउँपालिकाको १९ औं विशेष (आकस्मिक) गाउँसभा मिति २०८२/०७/२८ गते शुक्रबारका दिन आयोजना भएकोमा विशेष कारणवस हुन नसकेको हुँदा उक्त १९ औं विशेष (आकस्मिक) गाउँसभा मिति २०८२/०८/२१ गते आईतबारका दिन आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८२ साल असोज १८ र १९ गते परेको अबिरल वर्षाको कारण देवानगञ्ज गाउँपालिकाको विभिन्न स्थानमा आएको बाढीबाट प्रभावित बाढी पिडितलाई राहत सामग्री वितरण तथा मेस सञ्चालनमा भएको खर्चको अनुमानको लागि कार्यालयमा पेश भएका मुचुल्का, फोटो तथा सिफारिस लगायतका आवश्यक कागजात फाइल १९ औं विशेष (आकस्मिक) गाउँसभा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीले तपसिलका कारण देखाई कार्यालयमा निवेदन पेश गरेको हुँदा स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा २४ को उपदफा (४) बमोजिम हुने गरी तपसिलका कर्मचारीहरुलाई कोशी प्रदेश मातहतको अन्य स्थानीय तहमा सरुवाको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | नाम, थर | क.सं.नं. | पद | सेवा, समुह | कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गोमादेवी पौडेल | २३७०१२ | सहायकस्तर पाँचौं | प्रशासन, सामान्य प्रशासन | निजको शारीरिक स्वास्थ्य समस्या | |
| २ | बेन्जना गुरुङ | २४२४९४ | सब-इन्जिनियर, पाँचौं | इन्जिनियरिङ, सिभिल | निजको व्यक्तिगत घरघरायसी समस्या | |
| ३ | इश्वर खुलाल | २३९८५३ | सब-इन्जिनियर, पाँचौं | इन्जिनियरिङ, सिभिल | निजको पारिवारिक समस्या | |
| ४ | वसन्त कुमार श्रेष्ठ | --- | सहायकस्तर पाँचौं | प्रशासन, सामान्य प्रशासन | निजको पारिवारिक समस्या | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा आवश्यक तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) देवानगञ्ज गाउँपालिका विपन्न तथा सीमान्तकृत समुदायका लागि नमूना आवास निर्माण कार्यविधि, २०८२

२) देवानगञ्ज गाउँपालिका खानेपानी (चापाकल/ट्युवेल) सेवा सञ्चालन कार्यविधि, २०८२

३) खानेपानी, सरसफाई तथा स्वच्छताको गुणस्तर अनुगमन मार्गदर्शन, २०८२

४) कन्टिन्जेन्सी खर्च सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री महालक्ष्मी महिला कृषि सहकारी संस्था लि., देवानगञ्ज-१ द्वारा तपसिल बमोजिमको कार्य गर्दै आएको हुँदा उक्त तपसिलमा उल्लेखित बुँदाहरुलाई मध्यनजर गरी कार्यालयको प्रशासनिक कार्य गर्न कठिनाई भएकोले अनुदान मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ को दफा १५ को उपदफा १ को (ङ) अनुसार रसायनिक मल वितरणमा भेदभाव गर्ने वा गैर कानूनी कार्य गर्ने, तोकिएको बिक्री मूल्य भन्दा बढि लिने एवं कार्यविधिको व्यवस्थाको विपरीत हुने कार्य गर्ने विक्रेताहरुको विकता प्रमाण पत्र निलम्वन वा रद्द गर्न मल वितरक कम्पनिलाई सिफारिस गर्ने र सोको जानकारी प्रदेश समितिलाई र जिल्ला समितिलाई दिने सर्वसम्मत निर्णय गरियो । साथै दफा २७ को उपदफा १ बमोजिम स्थानीय समितिले स्थानीय तहमा मल आपुर्ति तथा मल वितरण व्यवस्थापन गर्न तीन सदस्य समिति रहेको हुँदा स्थानीय समितिको बैठक विना स्थानीय तहमा मल आपुर्ति तथा मल वितरण व्यवस्थापन समिति अनुसार खाद्यमलको कोटा छुट्याइ निर्णय गर्नु पर्नेमा यस देवानगञ्ज गाउँपालिकाको उपाध्यक्ष तथा खाद्यमल समितिको संयोजकले एकलौटि र मनोमानि किसिमले डिलरहरुलाई रसायनिक मल वितरण गर्ने गरेको

हुँदा उक्त कार्य अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ अनुरुप नरहेकोले आगामि दिनमा यस्ता कार्य नगर्न/नगराउन समेत जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

१) श्री महालक्ष्मी महिला कृषि सहकारी संस्था लि., देवानगञ्ज-१ कृषि सामाग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट रसायनिक मल विक्र वितरण गर्नको लागि डिलरशिप लिई कारोबार गर्दै आइरहेकोमा कृषकहरुबाट विभिन्न मितिमा लिखित र मौखिक मार्फत तोकिएको मूल्य भन्दा मनमोजि किसिमले बाढी मूल्य लिने गरिएको,

२) उक्त सहकारीले रातीको समयमा आफ्नो नजिक/नातेदारलाई खदमल वितरण गर्ने गरेको,

३) कृषकहरुले संस्थामा रसायनिक मल लिन जाँदा डर, धम्की र वादविवाद पटक-पटक गर्दै आएकोमा पालिका समक्ष गुनासो व्यक्त गरेको,

४) देवानगञ्ज गाउँपालिका वडा नं.१ का वडा सदस्यसँग वादविवाद एंव गालि गलौज गरी सामाजिक द्वन्द हिँसा तर्फ धकलिदै गरेको,

५) कृषकहरुमा रसायनिक मल विक्रि वितरण प्रणालिमा थप बाँधा सृजना हुँदै आएको ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, बि.ओ.पि. साहेवगञ्जमा रङ्गरोगन कार्यको गर्नको लागि अमानतमा १ लाख सम्मको कार्य प्राविधिक इष्टिमेट, मुल्याङ्कनको आधारमा गराई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको जिन्सी र विपद् शाखा प्रमुखको जिम्मेवारी नायव सुब्बा श्री शिवशंकर मेहतालाई दिईएकोमा अर्को व्यवस्था नहुन्जेल सम्म यस गाउँपालिकामा कार्यरत बरिष्ठ कविराज निरीक्षक श्री जिवछ कुमार पजियारलाई जिन्सी र विपद् शाखा प्रमुखको जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. -६मा भएको निर्णयमा मेरो सहमति छैन। वडाध्यक्ष दुर्ग नारायण पाल. वडा नं. ९

गा० पा० उपाध्यक्ष तथा मलखाद समिति संयोजक- कुमारी विमा यादव-